# पथरी शनिश्चरे नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सहकारी शाखा

पथरी, मोरङ्ग

email: pathrimunlfb@gmail.com
फोन:०२१-५५२१२,५५६११२,५५६११३
फ्याक्स: ०२१५५५२९६
१ नं. प्रदेश, नेपाल

पत्र संख्या:०७७/७८

मिति २०७७।६।११

### पथरीशनिश्चरे नगरकार्यपालिकाको कार्यालय, पथरी,मोरङ्गबाट जारी गरिएको सूचना ।

**दोहोरो सदस्यता सम्बन्धि सूचना:**

कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनु अघि एक भन्दा बढी संस्थाको सदस्य रहेको भए तिन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्ने व्यवस्था सहकारी ऐन २०७४ दफा ३२ तथा पथरीशनिश्चरे नगरपालिकाको सहकारी ऐन २०७६को दफा २३ मा भएकाले सबै सहकारी संस्थाहरुले आफ्ना सदस्यहरु विच सोही बमोजिम सूचना जारी गरि दोहोरो सदस्यता अन्त्य गर्ने कार्यको व्यवस्थापन गर्नुहुन जानकारी गराईन्छ ।

**बचत तथा ऋणको कारोवार गरिरहेका विषयगत तथा बहुउद्देश्यिय सहकारी संस्थाहरुलाई सूचना ।**

सहकारी ऐन २०७४ दफा ५० तथा पथरीशनिश्चरे नगरपालिकाको सहकारी ऐन २०७६ दफा ४० मा बचत तथा ऋणको मुख्य कारोवार गर्ने गरि दर्ता भएको संस्था वाहेक अन्य विषयगत वा बहुउद्देश्यिय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न नपाउने र त्यस्ता विषयगत वा बहुउद्देश्यिय संस्थाले ऐन प्रारम्भ हुनु अघि बचत तथा ऋणको मुख्य कारोवार गर्दै आएको भए तिन वर्षभित्र दर्ता हुँदाका वखत उल्लेख गरिएको मुख्य कारोवार गर्नुपर्ने व्यवस्था रहेकोले सो बमोजिम कडाइका साथ पालना गर्नुहुन अनुरोध छ । अन्यथा कानुन बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराइन्छ ।

०७७।६।११

..................

शालिग्राम कार्की

उपसचिव